# ख्रीष्टियान आराधनाको परिचय

## उत्तर कुञ्जी

shepherds
GLOBAL CLASSROOM

# पाठ 1
# आराधनाको परिभाषा

(१) यस पाठको सुरुमा तपाईंलाई आराधनाको तीन परिभाषाहरू दिइएको थियो। तपाईंले कण्ठ गर्नुभएको परिभाषालाई लेख्नुहोस्। (कुनै पनि)

- आराधना अनन्तको परमेश्वरप्रति मानिसको श्रद्धाभाव जनाउने प्रतिक्रिया हो।
- आराधना परमेश्वरलाई इच्छुक प्रतिक्रिया स्वरूप हाम्रो हृदयलाई माथि उठाउनु हो।
- आराधना हामी जो छौँ त्यसको प्रतिक्रिया हो, परमेश्वर जो हुनुहुन्छ त्यसको लागि।

(२) बाइबलीय आराधनाका चार पक्षहरू सूचीबद्ध गर्नुहोस्। (कुनै चार)

- आराधना भनेको श्रद्धेयपूर्ण समर्पणता हो।
- आराधना सेवा हो।
- आराधना प्रशंसा हो।
- आराधना सङ्गति हो।
- आराधनाले सम्पूर्ण जीवनलाई समावेश गर्दछ।

(३) जब सामरी स्त्रीले आराधनाको भौतिक स्थानको बारेमा बहस गरिन्, येशुले आराधनाको आत्मिक स्थानलाई औंल्याउनुभयो।

(४) भजनसंग्रहमा, **प्रशंसा** शब्द प्रायः आराधनाको आनन्दलाई सङ्केत गर्न प्रयोग गरिन्छ।

(५) याकूबका अनुसार, शुद्ध र निर्दोष आराधनामा कुन दुई पक्षहरू समावेश छन्?

- व्यावहारिक सेवा
- दैनिक आज्ञाकारिता

(६) आराधना महत्त्वपूर्ण छ चार कारणहरू सूचीबद्ध गर्नुहोस्।

- आराधनामा हामी परमेश्वरलाई देख्छौं।
- आराधनामा हामी आफैलाई देख्छौं र रूपान्तरित हुन्छौं।
- आराधनामा हामी हाम्रो संसारलाई देख्छौं।
- आराधना गर्न असफल हुनुले हामीलाई परमेश्वरबाट अलग गर्छ।

(७) यस पाठको अनुसार, ईश्वरलाई स्वीकार्य आराधनाका तीनवटा विशेषताहरू के हुन्?

- ग्रहणयोग्य आराधना परमेश्वरमा केन्द्रित हुन्छ।
- ग्रहणयोग्य आराधनाले परमेश्वरलाई दिनुपर्ने महिमा दिन्छ।
- ग्रहणयोग्य आराधना आत्मा र सत्यतामा गरिने आराधना हो।

(८) आफूले कण्ठ गरेको यूहन्ना ४:२३-२४ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 2
# परमेश्वर र आराधक

(१) प्रकाश ४ को भजनमा सृष्टिकर्ता परमेश्वरको बारेमा हामीले सिक्ने तीनवटा कुराहरूलाई सूचीबद्ध गर्नुहोस्।

- सृष्टिकर्ता सार्वभौम हुनुहुन्छ।
- सृष्टिकर्ता पवित्र हुनुहुन्छ।
- सृष्टिकर्ता अनन्त हुनुहुन्छ।

(२) प्रकाश ५ मा उद्धारकर्ताको आराधना गर्नुका तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस्।

- हामी उद्धारकर्ताको आराधना गर्छौं किनभने उहाँ जो हुनुहुन्छ त्यसको लागि।
- हामी उद्धारकर्ताको आराधना गर्छौं किनभने उहाँ जहाँ हुनुहुन्छ त्यसको लागि।
- उहाँले हाम्रो निम्ति जे गर्नु भएको छ त्यसको लागि हामी मुक्तिदाताको आराधना गर्छौं।

(३) ख्रीष्टियानहरूका लागि प्रकाशको पुस्तकको मुख्य सन्देश के हो?

हाम्रो परमेश्वरको अन्तिम विजय

(४) भजनसंग्रह १५ एक लिटर्जिकल भजन हो जुन तीन भागमा विभाजित छ। ती तीन भागहरूलाई सूचीबद्ध गर्नुहोस्।

प्रश्न: कसले आराधना गर्न सक्छ?
उत्तर: आराधकको विवरण
समापन अवलोकन: आराधकलाई प्रतिज्ञा

(५) आफूलाई परमेश्वरको उपस्थितिमा पाहुना हो भनी बुझ्ने आराधकको मनोवृत्ति कस्तो हुन्छ?

नम्रता

(६) भजनसंग्रह १५:२-५ बाट साँचो आराधकका दुई महत्त्वपूर्ण विशेषताहरू के-के हुन्?

- साँचो आराधकले भक्तिमय जीवन बिताउँछ।
- साँचो आराधक समुदायसँग सही सम्बन्धमा रहन्छ।

(७) येशुले किन फरिसीहरूलाई ढोंगी भन्नुभयो?

- तिनीहरूको आराधना बाह्य थियो, हृदयबाट होइन।
- तिनीहरूको आराधना मानवीय परम्परामा आधारित थियो, परमेश्वरको आज्ञामा होइन।

(८) आफूले कण्ठ गरेको प्रकाश ५:९-१४ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 3
# पुरानो करारमा आराधना

(१) यस पाठबाट, परमेश्वरले अस्वीकार गर्नुभएको आराधनाका दुईवटा बाइबलीय उदाहरणहरूलाई सूचीबद्ध गर्नुहवस् । (कुनै दुई)

- कयिनको भेटी
- हारूनको सुनको बाछो
- नादाब र अबिहूको अनुमति नदिएको आगो
- उज्जियाहको धूपबलि
- निर्वासन पछि यहूदीहरूको खोटयुक्त बलिदान

(२) *परमेश्वरसँग हिँडे* भन्ने शब्दले आराधनामा परमेश्वरसँगको **सम्बन्धमा** समावेश भएको देखाउँछ।

(३) यस पाठबाट, तीन अयोग्य व्यक्तिहरूको नाम दिनुहोस् जसलाई परमेश्वरले अनुग्रहपूर्वक उहाँको आराधना गर्न सक्षम बनाउनुभयो।

- आदम र हव्वा
- अब्राहम
- याकूब

(४) अब्राहामले इसहाकलाई गरेको बलिदानले देखाउँछ कि साँचो आराधनालाई पूर्ण आज्ञाकारिता चाहिन्छ।

(५) हाबिलको आराधना र कयिनको आराधनामा के फरक थियो?

- हाबिलले आज्ञाकारी रूपमा आफ्नो उत्कृष्ट भाग ल्याए।
- कयिनले सम्भव भएसम्म सजिलो तरिकाले आफ्नो कर्तव्य पूरा गर्न चाहन्थे।

(६) बलि चढाइने पशुको टाउकोमा हात राखेर आराधना गर्नुको अर्थ के थियो?

आराधकले बलिदानको पशु सँग आफ्नो मृत्यु भएको पहिचान गऱ्यो।

(७) उद्घोषणात्मक स्तुति र वर्णनात्मक स्तुति दुवैका परिभाषा दिनुहोस्।

उद्घोषणात्मक स्तुति: प्रशंसा वा प्रशंसा गर्न गरिएको आदेश जुन विशेष कारण उल्लेख नगरी व्यक्त गरिएको हुन्छ

वर्णनात्मक स्तुति: परमेश्वरको चरित्र र उहाँका शक्तिशाली कार्यहरूको बारेमा गरिएको विशेष प्रशंसा

(८) अगमवक्ताहरूले देखाउँछन् कि परमेश्वरको सन्देशको **घोषणा** आराधना हो।

(९) आराधनाको बारेमा अगमवक्ताहरूको सन्देशका तीन पक्षहरूलाई सूचीबद्ध गर्नुहोस्।

- वास्तविकता विनाको रीतिरिवाज आराधना होइन।
- साँचो आराधनाको लागि हाम्रो सबैभन्दा उत्तम कुरा चाहिन्छ।
- साँचो आराधनामा सम्पूर्ण जीवन समावेश हुन्छ।

(१०) आराधनामा भएका दुई खतरनाक असन्तुलनहरूको सूची बनाउनुहोस्।

- अत्यधिक अनौपचारिक आराधना
- अत्याधिक औपचारिक आराधनाको

(११) आफूले कण्ठ गरेको मीका ६:६-८ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 4

# नयाँ करारमा आराधना

(१) येशुले साँचो आराधनाको नमुना बनाउनुभएका तीनवटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- येशुले आराधना गर्ने ठाउँलाई प्रेम गर्नुभयो।
- येशुले परमेश्वर बाहेक अरू कसैको वा अरू थोकको आराधना गर्न इन्कार गर्नुभयो।
- येशुले बानी बसालेर प्रार्थना गर्नुभयो।
- येशुले साँचो आराधनाको व्याख्या गर्नुभयो।
- येशुले झुटो आराधनाको निन्दा गर्नुभयो।

(२) येशुको शिक्षा र उदाहरणले हामीलाई साँचो आराधनाको बारेमा के स्मरण गराउँछ?

साँचो आराधना केवल परमेश्वरको मात्र हो।

(३) कुन दुई भनाइहरूले आराधना र सुसमाचार प्रचार बीचको सम्बन्धलाई संक्षेपमा देखाउँछ?

- साँचो आराधनाले सुसमाचार प्रचारलाई प्रेरित गर्छ।
- प्रभावकारी सुसमाचार प्रचारले आराधकहरूको सिर्जना गर्दछ।

(४) एथेन्सको झूटो आराधनालाई प्रेरित १७ मा कसरी वर्णन गरिएको छ?

- एथेन्सका मानिसहरू धेरै धार्मिक थिए।
- एथेन्सका मानिसहरूले अज्ञानतापूर्वक आराधना गर्थे।
- एथेन्सका मानिसहरूले अयोग्य देवताको आराधना गर्थे।

(५) प्रेरित १७ मा साँचो परमेश्वरलाई कसरी वर्णन गरिएको छ?

- परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ।
- परमेश्वर नजिकै हुनुहुन्छ।
- पश्चात्ताप गर्न अस्वीकार गर्नेहरूलाई परमेश्वरले न्याय गर्नुहुनेछ।
- परमेश्वरले येशुलाई मृतकबाट जीवित पार्नुभयो।

(६) नयाँ करारको पत्रहरूमा सुरुको ख्रीष्टियान आराधनाको पाँचवटा भागहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै पनि पाँच)

- पवित्रशास्त्र पढाइ
- वचन प्रचार
- सार्वजनिक प्रार्थना
- गायन
- भेटीहरू
- बप्तिस्मा
- प्रभु-भोज

(७) एसिया माइनरका मण्डलीहरूका बीचमा पाइने आराधनाका बाधाहरूका दुई उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै दुई)

- प्रेमको कमी
- झूटो शिक्षा
- मृत कामहरू
- जोशको कमी

(८) आफूले कण्ठ गरेको रोमी १२:१-२ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 5

# मण्डली इतिहासमा आराधना

(१) जस्टिन मार्टरद्वारा वर्णन गरिएको दोस्रो शताब्दीको आराधनाका तीन भागहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- पवित्रशास्त्र पढाइ
- प्रवचन
- प्रार्थना
- प्रभु-भोज
- दान दिनु

(२) मध्य युगमा आराधनाका तीन कमजोरीहरूको सूची बनाउनुहोस्। (कुनै तीन)

- आत्माका कुराहरूभन्दा सुन्दरता महत्त्वपूर्ण थियो।
- मानिसहरूले सेवालाई बुझ्न सकेका थिएनन्।
- मानिसहरू दर्शक थिए, सक्रिय आराधकहरू होइनन्।
- सुसमाचारलाई रीतिरिवाजसँग प्रतिस्थापित गरिएको थियो।

(३) विश्वासीहरूको पूजाहारीपनसँग सम्बन्धित धर्मसुधारको युगका दुई प्राथमिक सरोकारहरू के-के थिए?

- विश्वासीहरूले प्रत्यक्ष रूपमा परमेश्वरको आराधना गर्छन्।
- परमेश्वरको वचन हरेक विश्वासीहरूको लागि उपलब्ध हुनुपर्छ।

(४) धर्मसुधारको युगमा ती समूह(हरू)को पहिचान गर्नुहोस् जो प्रत्येक विवरणमा राम्रोसँग मेल खान्छ।

- पवित्रशास्त्रमा निषेध नगरिएको कुनै पनि आराधना अभ्यासहरूलाई अनुमति दिइएको छ: **लुथरनहरू र एङ्गलिकनहरू**
- पवित्रशास्त्रमा छलफल नभएका आराधनाका अभ्यासहरूलाई अनुमति दिइएन: **क्याल्भिनिस्टहरू**
- अधिकांश जमघटहरूलाई अस्वीकार गरियो। कहिलेकाहीँ निजी घरहरूमा आराधना गरियो: **एनाब्याप्टिस्ट र प्युरिटनहरू**

(५) स्वतन्त्र मण्डलीका आराधनाका तीनवटा विशेषताहरूलाई सूचीबद्ध गर्नुहोस्।

- प्रचार केन्द्रमा थियो।
- मण्डलीको सहभागिता महत्त्वपूर्ण थियो।
- सबै आराधना मानिसहरूको आफ्नै भाषामा हुन्थ्यो।

(६) प्रारम्भिक मेथोडिस्ट आराधनाका तीनवटा जोडहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- प्रचार
- बारम्बारको प्रभु-भोज
- भजन गायन
- साना समूहहरू
- सामूहिक आराधना
- सुसमाचार प्रचार

(७) प्रारम्भिक अमेरिकामा आराधनाका तीन विशेषताहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- सम्प्रदायहरू र आराधनाको औपचारिक स्वरूपहरूबाट स्वतन्त्रता
- प्रभु-भोजका दुर्लभ अवसरहरू
- वचनको प्रचार
- जीवन्त गायन
- प्रार्थना, सुसमाचार प्रचार र जागृति

(८) आफूले कण्ठ गरेको भजनसंग्रह १००:१-५ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 6

# आराधनामा सङ्गीत

(१) बाइबलबाट तीनवटा गीतहरूको सूची बनाउनुहोस्।

(यस पाठमा उल्लेख गरिएका कुनै पनि गीतहरू)

(२) हाम्रो आराधनाको सङ्गीतमा प्रदर्शन गरिनुपर्ने दुई ईश्वरशास्त्रीय सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

- विश्वासीको पूजाहारीपन
- मण्डलीको एकता

(३) आराधनामा सङ्गीतको चार व्यावहारिक कारणहरूलाई सूचीबद्ध गर्नुहोस्।

- सङ्गीतले दिमागसँग कुरा गर्छ।
- सङ्गीतले हृदयसँग कुरा गर्छ।
- सङ्गीतले शरीरसँग कुरा गर्छ।
- सङ्गीतले चाहानासँग कुरा गर्छ।

(४) आराधनाको लागि सङ्गीत छनोटमा मार्गदर्शन गर्ने चार सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै चार)

- आराधनाको सङ्गीतको पाठले स्पष्टरूपमा सत्यलाई व्यक्त गर्नुपर्छ।
- आराधनाको सङ्गीतको शैली फरक हुन सक्छ।
- हरेक शैली हरेक परिस्थितिको लागि उपयुक्त हुँदैन।
- हाम्रो आराधना सङ्गीतमा सन्तुलन हुनुपर्छ।
- मण्डलीको सबैभन्दा महत्त्वपूर्ण सङ्गीत सामूहिक गायन हो।
- सङ्गीतले पाठको सेवा गर्नुपर्छ।

(५) पावलले कलस्सी ३:१६ मा कुन तीन प्रकारका गीतहरूलाई सूचीबद्ध गरेका छन्?

- भजन
- गीत
- आत्मिक गान

(६)हाम्रो आराधनाको सङ्गीतको निर्णायक जाँच के हो?

परमेश्वरको महिमा

(७) बाइबलका गीतहरूमा आधारित सङ्गीतले विभिन्न श्रोताहरूसँग बोल्ने तीन तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

- सङ्गीतले परमेश्वरको प्रशंसाको घोषणा गर्नुपर्छ।
- सङ्गीतले मण्डलीलाई सत्यको घोषणा गर्नुपर्छ।
- सङ्गीतले संसारमा सुसमाचार घोषणा गर्नुपर्छ।

(८) कलस्सी ३:१६ ले आराधनाको सङ्गीतको उद्देश्यबारे के सिकाउँछ?

हामीले एकअर्कालाई हाम्रो सङ्गीतको साथ सिकाउन र सल्लाह दिनुपर्छ।

(९) आफूले कण्ठ गरेको कलस्सी ३:१५-१७ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 7

# आराधनामा पवित्रशास्त्र र प्रार्थना

(१) आराधनामा पवित्रशास्त्रको महत्त्व देखाउने तीनवटा उदाहरणहरूलाई सूचीबद्ध गर्नुहोस्।

- बाइबलीय आराधनामा वचन पढ्नु महत्त्वपूर्ण थियो।
- बाइबलीय आराधनामा वचन प्रचार गर्नु महत्त्वपूर्ण थियो।
- मण्डलीको इतिहासमा वचन प्रचार गर्नु महत्त्वपूर्ण थियो।

(२) पवित्रशास्त्र प्रयोग गर्न सकिने आराधना सेवाका तीन भागहरूलाई नाउँ दिनुहोस्। (कुनै तीन)

- सेवा सुरु गर्दाखेरि बोलिने सुरुका वचनहरू
- भेटीको लागि आह्वान
- सङ्गीतका शब्दहरू
- प्रार्थना

(३) *प्रचार गर्नु भनेको आराधना हो* भन्ने सिद्धान्तका चार व्यावहारिक अर्थहरूलाई सूचीबद्ध गर्नुहोस्।

- वचन प्रचारलाई होसियारीपूर्ण तयारी चाहिन्छ।
- वचन प्रचारमा मण्डलीले प्रतिक्रिया जनाउन आवश्यक छ।
- वचन प्रचारमा प्रचारकले प्रतिक्रिया जनाउन आवश्यक छ।
- प्रचारक पवित्र आत्माको शक्तिद्वारा भरिएको हुनुपर्छ।

(४) प्रार्थनालाई सार्वजनिक आराधनाको अर्थपूर्ण भाग बनाउनका लागि तीनवटा व्यावहारिक सुझावहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- आफ्नो व्यक्तिगत प्रार्थनाको जीवनलाई मलजल गर्नुहोस्।
- कसरी प्रार्थना गर्ने सिक्नुहोस्।
- पवित्रशास्त्रका वचनहरूद्वारा प्रार्थना गर्नुहोस्।
- परमेश्वरसँग सञ्चार गर्नमा केन्द्रित हुनुहोस्।
- आफ्नो प्राथमिकताहरूलाई परमेश्वरको प्राथमिकताहरूसँग मिलाउनुहोस्।
- परमेश्वरसँग कुरा गर्नुहोस्, मण्डलीसँग होइन।

(५) आराधनामूलक दानका चार ईश्वरशास्त्रीय सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

- आराधनापूर्वक दिइएको दान अनुग्रहले उत्प्रेरित हुन्छ, डरले होइन।
- आराधनापूर्वक दान दिने कार्य प्रेमले प्रेरित हुन्छ, इनाम होइन।
- आराधनापूर्वक दिइएको दान उदारता हो, कन्जुस्याइँ होइन।
- आराधनापूर्वक दान दिने कार्य नम्रताले उत्प्रेरित हुन्छ, घमण्डले होइन।

(६) दान दिने कार्यलाई आराधनाको कार्य बनाउनको लागि चाहिने चारवटा व्यावहारिक विचारहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै चार)

- भेटीमा जोड दिने कार्य आराधना हुनुपर्छ, आवश्यकतामा होइन।
- भेटी दिने कार्य आराधना सेवाको भाग हुनुपर्छ।
- आमाबाबुले आफ्ना छोराछोरीहरूलाई आराधनामा दान दिने कार्यसँग परिचित गराउनुपर्छ।
- भेटीको समयमा बजाइने सङ्गीत आराधनामय हुनुपर्छ।
- भेटी उठाउने कार्य अर्पणको प्रार्थना पछि हुनुपर्छ।
- मण्डलीका अगुवाहरू मानिसहरूका भेटीहरूको असल भण्डारे हुनुपर्छ।

(७) १ कोरिन्थीहरूमा ग्रहणयोग्य प्रभु-भोजका दुई पक्षहरूको सूची बनाउनुहोस्।

- हामी ख्रीष्टको मृत्युलाई फर्केर हेर्छौं।
- हामी ख्रीष्टको पुनरागमनको प्रतीक्षा गर्छौं।

(८) आफूले कण्ठ गरेको मत्ती ६:५-८ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 8
# आराधनाको योजना र अगुवाइ

(१) प्रवचनमा केन्द्रित आराधनाको रूपरेखाका दुई मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

- सत्यको उद्घोषणा: भजन, पवित्रशास्त्र, प्रवचन
- सत्यको प्रतिक्रिया: निमन्त्रणा, भेटी, समापनको भजन

(२) आराधनामा परमेश्वरका मानिसहरूको गतिविधिमा आधारित आराधना रूपरेखाका चार मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

- परमेश्वरका मानिसहरू भेला हुन्छन्: आराधनाको आह्वान, प्रशंसाको भजन, प्रार्थना
- परमेश्वरका जनहरूले वचन सुन्छन्: पवित्रशास्त्र पढाइ र प्रवचन
- परमेश्वरका मानिसहरूले वचनप्रति प्रतिक्रिया जनाउँछन्: प्रतिक्रियाको गीत, प्रार्थना, भेटी
- परमेश्वरका मानिसहरू बाहिर पठाइएका छन्: समापनको भजन, आशीर्वादको प्रार्थना

(३) भजनसंग्रह ९५ मा आधारित आराधनाको रूपरेखाका तीन मुख्य खण्डहरूलाई सूचीबद्ध गर्नुहोस्।

- आनन्दसाथ धन्यवाद चढाउँदै प्रवेश गर्नुहोस्: आराधनाको आह्वान, प्रशंसाको भजन
- श्रद्धापूर्ण आराधनालाई जारी राख्नुहोस्: समर्पणको भजन, प्रार्थना
- परमेश्वरको आवाज सुन्नुहोस्: पवित्रशास्त्र र प्रवचन

(४) सन्तुलित आराधनाबारे हामीले कुन तीनवटा कुरालाई सम्झनुपर्छ?

- सन्तुलित आराधनाले परमेश्वरको महिमा र हामीसँग रहेको परमेश्वरको उपस्थिति दुवैलाई देखाउँछ।
- सन्तुलित आराधना सामूहिक र व्यक्तिगत दुवै हुन्छ।
- सन्तुलित आराधनामा परिचित र नयाँ दुवै भजनहरू समावेश हुन्छन्।

(५) आराधनाको बाइबलीय नमुनाअनुसार, हाम्रो आराधनाको दर्शक को हो?

परमेश्वर

(६) प्रभावकारी आराधनाको अगुवाका तीन गुणहरूलाई सूचीबद्ध गर्नुहोस्। (कुनै तीन)

- आत्मिक अन्तर छुट्याउनु
- संवेदनशीलता
- सहकार्य
- ज्ञान
- बुद्धि
- धैर्य
- नम्रता
- सिर्जनशीलता
- अनुशासन
- उत्कृष्टता

(७) हामीले आराधनालाई नियन्त्रण गरिरहेको हुनसक्ने तीनवटा सङ्केतहरू के-के हुन्? (कुनै तीन)

- जब हामीले भावनालाई आराधनासँग भ्रमित गर्छौं
- जब हामी हृदय परिवर्तनको लागि उच्च भावनाको अवस्था आवश्यक छ भनी विश्वास गर्छौं
- जब हामीले कुनै विशेष शारीरिक कार्यलाई आराधनासँग तुलना गर्छौं
- जब हामीले अर्को समय वा ठाउँमा परमेश्वरले गर्नुभएको कुराको नक्कल गर्ने प्रयास गर्छौं
- जब हामीले हाम्रो सेवकाइलाई मानिसहरूबाट प्रतिक्रिया प्राप्त गर्ने हाम्रो क्षमताको आधारमा मापन गर्छौं

(८) आफूले कण्ठ गरेको २ इतिहास ५:१३-१४ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 9

# अन्य प्रश्नहरू

(१) हामीले हाम्रो सांस्कृतिक प्राथमिकताहरूलाई विरोध गर्ने तर बाइबलीय सिद्धान्तहरूसँग विरोधाभास नहुने आराधनाका अभ्यासहरूप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ?

हामीले अरूहरूलाई उनीहरूको मनपर्ने तरिकामा आराधना गर्न अनुमति दिनुपर्छ।

(२) हामीले हाम्रो संस्कृतिमा स्वीकृत आराधना प्रचलनहरूप्रति कसरी प्रतिक्रिया जनाउनुपर्छ, जुन पवित्रशास्त्र विपरीत छ?

हामीले हाम्रो संस्कृतिको अपेक्षा भन्दा पनि पवित्रशास्त्रको पालना गर्नुपर्छ।

(३) हाम्रो मण्डलीको आराधना र वरपरको संस्कृति बीचको सम्बन्ध बुझ्न हामीले कुन तीनवटा प्रश्नहरू सोध्नुपर्छ?

- यहाँ को छ?
- यहाँ को थियो?
- यहाँ को हुनुपर्छ?

(४) रोमी १४ बाट, आराधनासँग सम्बन्धित तीनवटा सिद्धान्तहरूलाई सूचीबद्ध गर्नुहोस्।

- विवादास्पद विषयहरूलाई लिएर अरूहरूको न्याय नगर्नुहोस्।
- कमजोरहरूलाई ठेस लाग्ने कारण नबन्नुहोस्।
- विश्वासका साथ काम गर्नुहोस्, शङ्का होइन।

(५) अन्तरपुस्तागत आराधनाको लागि तीन वटा विचारहरूलाई सूचीबद्ध गर्नुहोस्।

- पवित्रशास्त्रमा, आराधना अन्तरपुस्तागत थियो।
- अन्तरपुस्तागत आराधनाले ख्रीष्टको शरीरलाई एकताबद्ध गर्छ।
- अन्तरपुस्तागत आराधना मार्फत, विश्वास अर्को पुस्तामा हस्तान्तरण हुन्छ।

(६) आराधनामा भावनासँग सम्बन्धित दुइटा त्रुटिहरूको नाउँ दिनुहोस्।

- आराधनामा भावनालाई अस्वीकार गर्नु
- आराधनामा भावनालाई बढी जोड दिनु

(७) आफूले कण्ठ गरेको १ कोरिन्थी १४:१५-१७ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।

# पाठ 10
# आराधनाको जीवनशैली

(१) आफूले कण्ठ गरेको १ कोरिन्थी १०:३१ लेख्नुहोस्।

(कण्ठ गरेको पदलाई बाइबलमा गएर मिल्यो मिलेन हेर्नुहोस्)।